# सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडको
# सातौं वार्षिक साधारण सभाको
# काम कारवाहीको विवरण
# (माइन्यूट)

## १. वैधानिक सभा

कम्पनी ऐन २०६३ र बैंकको नियमावली बमोजिम बैंकको सातौं वार्षिक साधारण सभा सञ्चालक समितिका अध्यक्ष प्रदीपजङ्ग पाण्डेज्यूको सभापतित्वमा तल उल्लेखित मिति, समय र स्थानमा बसी देहायका विषयहरु उपर छलफल तथा देहाय बमोजिम निर्णय भयो ।

## २. सभाको मिति, स्थान र समय

मिति :- २०७० साल आश्विन २२ गते (अक्टोबर ०८, २०१३), मंगलबार
स्थान :- अमृत भोग, कालिकास्थान, डिल्लीबजार, काठमाण्डौं
समय :- विहानः ११.०० बजे

## ३. सभाको सूचना

कम्पनी ऐन २०६३ को दफा ६७ बमोजिम बैंकको सातौं वार्षिक साधारण सभाको सूचना तथा सभामा छलफल हुने विषयहरु सम्बन्धी सम्पूर्ण प्रस्तावहरु सबै शेयरधनीहरुको व्यक्तिगत ठेगानामा पठाउनुको साथै कान्तिपुर एफ. एम, कान्तिपुर टेलिभिजन, र नेपाल टेलिभिजन मार्फत २०७०/०६/०१ मा सुचना प्रकाशित गरिएको थियो । साथै, २०७०/०६/०२ गते नागरिक राष्ट्रिय दैनिक पत्रिकामा र २०७०/०६/०३ को अन्नपुर्ण पोष्ट राष्ट्रिय दैनिक पत्रिकामा सभा हुने स्थान, मिति, समय र छलफल हुने विषयको सुचना पनि शेयरधनी महानुभावहरुमा जानकारीको लागि प्रकाशित गरिएको थियो ।

## ४. छलफलको विषयहरु

### क. साधारण प्रस्तावहरु

१. अध्यक्षज्यूको मन्तव्य तथा आ.व. २०६९/७० को सञ्चालक समितिको वार्षिक प्रतिवेदन पारित गर्ने ।
२. लेखापरीक्षकको प्रतिवेदनसहित २०७० आषाढ मसान्तको वासलात र मिति २०६९/०४/०१ देखि २०७०/०३/३१ सम्मको नाफा नोक्सानीको हिसाव तथा सोही अवधिको नगद प्रवाह विवरण लगायतका सम्पूर्ण वित्तीय विवरणहरु पारित गर्ने ।
३. सञ्चालक समितिबाट प्रस्ताव गरे अनुसार १५ प्रतिशत नगद लाभांश वितरण गर्न स्वीकृत गर्ने ।
४. कम्पनी ऐन, २०६३ को दफा १११ अनुसार आ.ब. २०७०/७१ को लागि लेखा परीक्षण समितिको सिफारिसमा लेखापरीक्षण गर्न लेखापरीक्षकको नियुक्ति गर्ने र निजको पारिश्रमिक निर्धारण गर्ने ।

५. बैंकको नियमावली अनुसार समूह “ख” का सर्वसाधारण शेयरधनीहरुको तर्फवाट सञ्चालक समितिमा प्रतिनिधित्व गर्ने संचालक पद दुईको निर्वाचन गर्ने ।

**ख. बिषेश प्रस्तावहरु**

१. सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेड तथा उपयुक्त कुनै वित्तीय संस्था एक आपसमा गाभ्ने र गाभिने (मर्ज) सम्बन्धमा ।

अ. सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेड र अन्य कुनै पनि उपयुक्त वित्तीय संस्था एक आपसमा गाभ्न र गाभिन (मर्जर गर्न) संचालक समितिले आवश्यक भएमा मर्जर समिति गठन गरि सो समितिले वा संचालन समितिले नै सम्पूर्ण प्रकृया अबलम्बन गरि कार्य अगाडि बढाउन साधारण सभाबाट संचालक समितिलाई अख्तियारी प्रदान गर्ने ।

आ. नेपाल राष्ट्र बैंक बाट जारी भएको बैंक तथा वित्तीय संस्था एक आपसमा गाभ्ने वा गाभिने सम्बन्धि विनियमावली २०६८ मा तोकिए बमोजिम सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेड को चल अचल सम्पत्ति र दायित्व तथा कारोबारको मूल्याङ्कन गर्न राष्ट्रिय वा अन्तराष्ट्रिय मान्यता प्राप्त मूल्याङ्कनकर्ता नियुक्ति गर्न तथा गाभ्ने वा गाभिने सम्बधी सम्झौता गर्न र अन्य सम्पूर्ण प्रक्रिया पुरा गर्न संचालक समितिलाई पूर्ण अख्तियारी दिने समेतका अधिकार संचालक समितिलाई हस्तान्तरण गर्ने।

२. नेपाल राष्ट्र बैंकको स्वीकृति लिई बैंकको संस्थापक शेयर ७० प्रतिशत रहेकोमा सो मध्ये १९ प्रतिशत संस्थापक शेयर सर्वसाधारण समूहमा परिवर्तन गर्ने गरी प्रवन्धपत्र संशोधन गर्ने ।

३. नेपाल राष्ट्र बैंकको स्वीकृति लिई बैंकको जारी पूँजी र चुक्ता पूँजी वरावर वनाउनका लागी वर्तमान जारी पूँजीमा रु १०० दरका ८९,८१,६०० कित्ता शेयर घटाइ जारी पूँजीलाइ २,१०,१८,४०,००० बनाइ बैंकको जारी पूँजी र चुक्ता पूँजी वरावर वनाउने गरि प्रवन्धपत्र संशोधन गर्ने ।

४. बैंकको प्रवन्ध पत्र तथा नियमावली संसोधन एवम् थप स्वीकृति प्रदान गर्ने ।

५. बैकको प्रवन्ध पत्र तथा नियमाबली संसोधन गर्न अनुमति लिनु पर्ने निकायहरुवाट प्राप्त हुन आउने निर्देशन वमोजिम थपघट लगायत आवश्यक संसोधन गर्न संचालक समितिलाई अख्तियार प्रदान गर्ने।

**ग. विविध**

**५. उपस्थिति**

**५.१ कम्पनी ऐन, २०६३ को दफा ६८ अनुरुप उपस्थित सञ्चालकहरु**

| | | |
|---|---|---|
| १. | श्री प्रदीपजङ्ग पाण्डे | अध्यक्ष |
| २. | श्री बालकृष्ण प्रसाई | व्यवसायिक सञ्चालक |
| ३. | श्री मनोहर दास मूल | सञ्चालक |
| ४. | श्री प्रकाश चन्द्र मैनाली | सञ्चालक |
| ५. | श्री अनिन राजभण्डारी | सञ्चालक |
| ६. | श्री अविनाश पन्त | सञ्चालक |
| ७. | श्री पवित्र कुमार कार्की | सञ्चालक |
| ८. | श्री अर्जुनलाल राजबंशी | सञ्चालक |

५.२ **अन्य पदाधिकारीको उपस्थिति**

| | | |
|---|---|---|
| १. | श्री राजन सिंह भण्डारी | प्रमुख कार्यकारी अधिकृत |
| २. | श्री गणेश राज पोखरेल | कम्पनी सचिव |

५.३ **शेयरधनीहरुको उपस्थिति**

| | | |
|---|---|---|
| १. | स्वयम् उपस्थित हुने शेयरधनीको संख्या : | ७०८ |
| २. | प्रतिनिधि पत्र मार्फत उपस्थित हुने शेयर धनी संख्या : | ७७४ |
| ३. | जम्मा उपस्थित संख्या : | १,४८२ |

६. **गणपूरक संख्या (कम्पनी ऐन, २०६३ को दफा ७३ अनुरुप)**

| विवरण | कूल संख्या | जम्मा उपस्थिति | कूल शेयरको प्रतिनिधित्व |
|---|---|---|---|
| शेयरधनी संख्या | ६१,८९६ | १,४८२ | ५९.७९ प्रतिशत |
| समूह "क" अर्न्तगत उप-समूह १,२,३,४,५ | २२८ | ७९ | ५४.२२ प्रतिशत |
| सर्वसाधारण समूह "ख" समूह | ६१,६६८ | १,४०३ | ५.५७ प्रतिशत |
| शेयरधनीहरुले ग्रहण गरेको शेयर कूल कित्ता | २,१०,१८,४०० | | १००.०० प्रतिशत |

७. **सभाको वैधानिकता र सभाको सभापतित्व**

७.१ कम्पनी ऐन, २०६३ तथा बैंकको नियमावली बमोजिम सभा बोलाइएको र कम्पनी ऐनको दफा ७३ को उपदफा (२) अनुसार साधारण सभाको गणपूरक संख्या बाँडफाँड भएको कुल शेयर संख्याको कम्तीमा ५० प्रतिशत भन्दा बढी शेयरको प्रतिनिधित्व हुने गरी कुल शेयरधनीहरु मध्ये कम्तीमा ३ जना शेयरधनीको उपस्थिति हुनुपर्ने प्रावधान बमोजिम बैंकको सातौं वार्षिक साधारण सभामा राखिएको शेयरधनीहरुको हाजिरी पुस्तिकामा हाजिरी जनाउने शेयरधनीको संख्या ७०८ भएका र प्रोक्सी मार्फत ७७४ गरि कुल शेयरको ५९.७९ प्रतिशत प्रतिनिधित्व भएको हुंदा कम्पनी सचिवले साधारण सभाको गणपूरक संख्या पुगेको र प्रचलित कम्पनी कानून अनुसार सभा वैधानिक भएको जानकारी गराउनु भयो ।

७.२ बैंकको नियमावलीमा व्यवस्था भए बमोजिम यस सभाको सभापतित्व सञ्चालक समितिका अध्यक्षज्यूले गर्ने कुरा कम्पनी सचिवले जानकारी गराउंदै विहान ११:०० बजे अध्यक्ष प्रदीपजङ्ग पाण्डेज्यूको सभापतित्वमा बैंकको सातौं वार्षिक साधारण सभा शुरु गर्न अनुरोध गर्नुभयो ।

७.३ सभाका सभापतिले सभा सञ्चालन गर्नु पूर्व उपस्थित सबै शेयरधनी महानुभावहरुलाई स्वागत एवं अभिवादन गर्नुभयो र सभाको कार्य अगाडि बढाउनु भयो ।

## ८. वार्षिक साधारण सभाको प्रस्तुती :

१. सभाका अध्यक्षज्यूले उपस्थित सबै शेयरधनी महानुभावहरुलाई स्वागत एवं अभिवादन गर्दै पूर्व निर्धारित छलफलको विषय सूची अनुसार आ.व.२०६९।७० को सञ्चालक समितिको प्रतिवेदन अध्यक्षज्यूले सभामा पढेर सुनाउनु भयो र छलफलका लागि सभा समक्ष पेश गर्नुभयो ।

२. तत्पश्चात् अध्यक्षज्यूले सभा समक्ष लेखा परीक्षकको प्रतिवेदन सहितको २०७० आषाढ मसान्तको वासलात, २०६९।०४।०१ देखि २०७०।०३।३१ सम्मको नाफा नोक्सान हिसाव, नाफा नोक्सान बाडंफाडं हिसाव र नगद प्रवाह विवरण सहितका सम्पूर्ण वित्तीय विवरणहरु छलफलको निमित्त सभा समक्ष प्रस्तुत गर्नुभयो ।

## ९. छलफलको लागि आह्वाान र सहभागी शेयरधनी महानुभावहरु

९.१ बैंकको आ.व. २०६९।७० को बार्षिक प्रतिवेदन, २०७० आषाढ मसान्तको वासलात, सोही मितिमा समाप्त आ.व. २०६९।७० को नाफा नोक्सान हिसाब तथा नगद प्रवाह विवरण उपर आ-आफ्नो मन्तव्य प्रकट गर्न र सो सम्बन्धमा कुनै जिज्ञासा तथा सुझाव भए जानकारी गराउन अध्यक्षज्यूले शेयरधनीहरु समक्ष अनुरोध गर्नु भए पश्चात् देहायका शेयरधनीहरुले छलफलको क्रममा प्रत्यक्ष रुपले सहभागी हुँदै देहाय अनुसार जिज्ञासा तथा सुझावहरु व्यक्त गर्नु भएको थियो ।

९.२ छलफलमा सहभागी भई मन्तव्य राख्नु हुने शेयरधनी महानुभावहरुको नाम

१. व्यास कुमार शर्मा
२. अमृत नाथ रेग्मी
३. विनय कुमार शर्मा
४. दामोदर प्रसाद रेग्मी
५. भक्ति प्रसाद उप्रेती
६. कुवेर श्रेष्ठ
७. नरसिंह लाल चकु
८. माधव कृष्ण श्रेष्ठ
९. जयन्द्र बानियाँ
१०. इन्द्र कृष्ण श्रेष्ठ
११. मोहन प्रसाद लम्साल शर्मा
१२. शिव प्रसाद शर्मा
१३. इश्वर प्रसाद कर्मचार्य
१४. उद्भव प्रसाद घिमिरे
१५. कृष्ण प्रसाद शर्मा
१६. रोज कुमार श्रेष्ठ
१७. डमरु बल्लभ घिमिरे
१८. अशोक उप्रेती
१९. महेन्द्र बहादुर श्रेष्ठ

## १०. छलफलमा सहभागी हुने शेयरधनी महानुभावहरुले सामूहिक रुपमा व्यक्त गर्नुभएका सराहना, जिज्ञासा, सुझाव तथा मन्तव्य

आ-आफ्नो मन्तव्य प्रकट गर्ने क्रममा अधिकांश शेयरधनीहरुले साधारण सभामा सर्वप्रथम बैंकका अध्यक्ष तथा संचालक र व्यवस्थापनलाई धन्यवाद दिनु भयो र बैंकको उत्तरोत्तर प्रगतिको कामना गर्नुभयो । बैंकको संचालक समितिद्वारा प्रस्तुत गरिएको वार्षिक प्रतिवेदन माथि टिप्पणी गर्दै बैंकवाट भए गरिएको कार्यहरुको मूल्याङकन गरि राम्रा कामको सरहाना तथा देखिएका कमी कमजोरीहरु औल्याउदै आगामी दिनहरुमा सुधार गदैं लैजानु पर्ने कुरामा जोड दिनु भयो । बैंकको हितका लागि शेयरधनी वक्ताहरुले आ–आफ्ना तर्फवाट सुझाबहरु प्रस्तुत गर्नु भयो । बैंकसंग संलग्न सवै पक्षलाई धन्यवाद दिनु भयो । साथै बैंकिङ्ग व्यवसायको नयाँ क्षेत्र पहिचान गरि उक्त क्षेत्रमा सेवा विस्तार गरि वित्तीय व्यवसायलाई अझ अगाडी वढाउदै लैजानु पर्दछ र आगामी वर्षमा लभाश वितरण अझ बढाउनु पर्दछ भन्ने कुरामा प्राय सवै शेयरधनी वक्ताहरुले बैंकको संचालक समितिको ध्यानाकर्षण गराउनु भयो ।

## ११. छलफलमा सहभागी हुनेहरुको आ-आफ्नो विचार प्रस्तुतीकरण

छलफलको क्रममा शेयरधनी वक्ताहरुले व्यक्त गर्नुभएको मन्तव्यलाई तल प्रस्तुत गरिएको छ ।

### १. व्यास कुमार शर्मा

वाणिज्य बैंक हरु मध्ये सर्वप्रथम बार्षिक साधारण सभा गर्न सफल भएकोमा बधाई तथा धन्यवाद ज्ञापन गर्दछु । बैंकको बार्षिक प्रतिवेदन अध्ययन गर्दा बैंकको चुक्ता पूँजी लगायत सम्पूर्ण सूचकाङ्कहरु ने.रा.बैंकको मापदण्ड भित्रै परेको देखिन्छ । बैंकको मुख्य सूचकाङ्कहरु अध्ययन गर्दा सबै सूचकाङ्कहरु सन्तोषजनक रहेको पाइयो । बैंकको निष्क्रिय कर्जा अनुपात गत बर्षझै २.०१ प्रतिशत मै कायम राख्न सफल भएको छ । जोखिम भारीत सम्पत्तिमा पूँजीकोषको पर्याप्तता सन्तोषजनक नै रहेको छ । यसले बैंकले राम्रै प्रगती गरेको देखाएको छ ।
बैंकको शाखा विस्तार, ग्राहक सुविधा, संस्थागत सुशाशन र आन्तरिक नियन्त्रण प्रणाली उच्चस्तरको कायम राख्दै बैंक संचालन गर्न सक्षम भएकोमा संचालक समिति, व्यवस्थापन समुह र सम्पुर्ण कर्मचारीहरुलाई धन्यवाद ज्ञापन गर्दछु ।
अब सुझावहरु अन्तर्गत बैंकले आफ्नो लगानीहरु उच्च प्रतिफल दिने Investment Portfolio मा लगानी गर्नुपर्ने देखिन्छ । बैंकको पूँजीकोषको पर्याप्तता न्युन रहेको छ र यसलाई बढाउनु पर्ने देखिन्छ । यसको लागी बैंकले बोनश शेयर दिएर पूँजी बढाउने अथवा अन्य वित्तिय संस्थाहरुसँग गाभ्ने तर्फ ध्यान दिनुपर्ने देखिन्छ । आउने साल २५ प्रतिशत प्रतिफल दिन अनुरोध गर्दै म आफ्नो विश्लेषण यही टुंग्याउछु ।

### २. अमृत नाथ रेग्मी

बैंकको Macro Analysis गर्दा बैंक समकक्षी बैंकहरुमा स्तरोन्नोती भएको पाएको छु । अझै मेहिनत गरेर माथि पुग्नु पर्ने देखिन्छ । बैंकले कमाएको खुद मुनाफा उत्साहजनक रहेको छ । मुनाफा उत्साहजनक हुदा हुदै पनि लगानीमा थप जोड दिनु पर्ने देखिन्छ । लगानी सँगसँगै Foreign Exchange Mobilization बढाएर ट्रेजरी बाट प्राप्त हुने मुनाफामा वृद्धि गर्नु पर्ने देखिन्छ । कर्मचारी

तथा अन्य संचालन खर्च समकक्षी बैंकहरुको तुलनामा रहेको पाइयो । बैंकको शेयर पूँजी र जगेडा तथा अन्य कोषहरुको तुलना गर्दा हामी अल्पकालमै रहेको पाइन्छ र यसर्थ बैंकले बन्ड नीति लिनुपर्ने आवश्यकता देखिन्छ । त्यस्तै गरी बैंकले ऋण प्रवाह तर्फ मार्जिन प्रकृतिको कर्जा कम गरी आवधिक कर्जा बढाउन सल्लाह दिन चाहन्छु । आधार दर बैंकिग क्षेत्रको औसत आधार दर को तुलनामा कम नै रहेको पाइयो तर शाखा सञ्जालको हिसाबमा र समकक्षी बैंकहरुको तुलनामा यो अली बढीनै पाइयो । कर्मचारीहरु लगायत व्यवस्थापन समुहले आफुलाई अन्तराष्ट्यि स्तरको तालिम लिएर बैंकलाई अघि बढाउनु पर्छ । बैंकले इन्भेष्टमेन्ट कम्पनी खोल्ने तर्फ पनि ध्यानाकर्षण गर्न चाहन्छु । बैंकले आफ्नो Disaster Recovery Plan बनाई कार्यान्वयन गर्न आवश्यक छ । यस अन्तर्गत बैंकको D.R. Site नेपाल भन्दा बाहिर राख्नु उपयुक्त देखिन्छ । नेपाल राष्ट्र बैंकबाट वित्तीय विवरण स्वीकृत भइसक्दा पनि आन्तरिक राजश्य कार्यालय ले फेरबदल गर्ने गरेको पाइयो । यसलाई नेपाल राष्ट्र बैंक र आन्तरिक राजश्व कार्यालयको समन्वयमा मिलाउन सुझाव दिन चाहन्छु ।

**३. विनय कुमार शर्मा**

यस बैंकले सात बर्षको छोटो समयावधीमा पनि राम्रो प्रगती गरेकोमा बधाई दिन चाहन्छु । बैंकले के हासिल गर्‍यो भन्दा पनि के हासिल गर्न सक्षम थियो भन्ने कुरामा ध्यान दिनुपर्दछ । बैंकले आफुले हासिल गर्न सक्ने उच्चतम विन्दु कायम गरी आफ्नो काम कारवाही अघि बढाउनु पर्दछ । कुनै पनि संस्थाको प्रगतीको लागि दुई कुरामा ध्यान दिनुपर्दछ १. संस्थागत सुशाशन २. बजार मा छवी , जसलाई सधै सकारात्मक राख्नु बैंक तत्पर रहनु पर्दछ । मेरा पूर्व वक्ताले भन्नु भएको जस्तै भोलिको चुनौतीहरुलाई मध्यनजर राखी तालिम संचालन गर्नु पर्दछ र संस्थाको निरन्तरताको लागि संचालक तथा व्यवस्थापन लाई धन्यवाद दिन चाहन्छु ।

**४. दामोदर प्रसाद रेग्मी**

बैंकको समकक्षी बैंकहरुसँग तुलना गर्दा यस बैंकले दिएको प्रतिफल सन्तोषजनक छ । खुद मुनाफामा विगत को तुलनामा वृद्धि भएको छ । बैंकको लाभांश वितरणको प्रवृक्ति हेर्दा आगामी बर्ष २० प्रतिशत लाभांश दिन सक्षम हुनेमा विवाद छैन । गैर कोषमा आधारित व्यवसाय र न्युन लागत भएको निक्षेपमा वृद्धि गरी आम्दानी बढाउनु पर्ने देखिन्छ । बैंकले गत वर्षको तुलनामा सबै सूचकाङ्कहरु सन्तोषजनक राख्न सफल भएको छ र यसलाई यथास्थितिमा राख्ने चुनौती बैंकसँग आएको छ । बैंकले व्यात्तिगत स्वार्थहरु परित्याग गरेर बैंकको हित तथा सम्पुर्ण शेयरधनीहरु को निमित्त आगामी आर्थिक बर्षबाट नगद लाभांश तथा बोनश शेयरको रुपमा प्रतिफल दिन सफल होस भन्ने मनोकामना व्यत्त गर्दै मन्तव्य यही टुंग्याउछु ।

**५. भक्ति प्रसाद उप्रेती**

वाणिज्य बैंकहरु मध्ये सवैभन्दा पहिले साधारण सभा गर्नु भएको र १५ प्रतिशत नगद लाभांश घोषणा गर्नु भएको छ जुन प्रशंसा योग्य छ । बैंकको सकारात्मक पक्ष तर्फ बैंकको संचालन मुनाफा १२१.३६ प्रतिशतले वृद्धि भई ८५.९५ करोड र खुद मुनाफा ८३.८३ प्रतिशतले वृद्धि भई ४१.३२ करोड पुगेको

छ । यसै गरी बैंकले आफ्नो केन्द्रिय कार्यालय निर्माणको निमित्त जग्गा किन्न सफल भएको छ । बैंकले आफ्नो विप्रेषण कारोवार अन्तर्गत १ करोड २० लाख बराबरको विप्रेषण भित्रयाएको छ ।
बैंकले आफ्नो भावी कार्यक्रम अन्तर्गत आगामी आ.व. मा कम्तीमा १० वटा शाखा विस्तार गर्ने कार्यक्रम अघि बढाएकोमा ध्यानाकर्षण गर्न चाहन्छु । एकै वर्षमा दश वटा शाखा खोल्ने कार्यक्रम धेरै नै आशावादी भएको देखिन्छ । त्यस्तै गरी बैंकको One Zone One Product को अवधारणा स्पष्ट रहेको छैन । बैंकको भावी कार्यक्रममा मानव संसाधन सम्बन्धि कुनैपनि कार्यक्रम नरहेकोमा दुख लागेको छ । कर्मचारीहरुको वृत्ति विकास Pre Service, In Service तालिमहरुबाट हुने हो यस्तै गरी कर्मचारीहरुलाई दुर्गम र सुगम ठाउँमा आलो पालो पठाउने नीति बनाउनु पर्दछ । शाखा प्रबन्धकहरुमा तीन चार जना कम्तीमा महिला प्रबन्धक हुनुपर्दछ ।

वार्षिक प्रतिवेदनमा चालु आ.व को साधारण सभाको दिनसम्मको प्रगती विवरण उल्लेख गरेको भए सुनमा सुगन्ध हुने थियो । बैंकको शेयरधनीले बुझिलिन बाँकी लाभांश रकम उच्च देखिन्छ । बैंकको संस्थगत सुशाशन पनि राम्रै देखिन्छ । बैंकले आफ्नो निष्क्रिय कर्जा अनुपातलाई घटाएर १ प्रतिशतमा झार्नु पर्ने देखिन्छ । प्रस्ताव नं. ४ अन्तर्गत लेखापरीक्षकको पारिश्रमिक ३,१०,७५०।- छ यो अन्य पुराना बैंकहरुको लेखापरीक्षकको पारिश्रमिकको तुलनामा बढी रहेको पाइएको छ । त्यसै गरी अर्को प्रस्तावमा ७० प्रतिशत संस्थापक शेयरहरु मध्ये १९ प्रतिशतलाई सर्वसाधारण समुहमा परिवर्तन गर्ने प्रस्तावले बजारमा गलत सन्देश दिन सक्छ ।

**६. कुवेर श्रेष्ठ**
दशैको अगावै बार्षिक साधारण सभा गर्न सक्षम हुनुभएकोमा धन्यवाद दिदै १५ प्रतिशत लाभांश घोषण गर्नु भएकोमा तारिफ गर्न चाहन्छु । सिटिजन्स बैंकले आफुलाई शेयरधनी मैत्री बैंकको रुपमा चिनाउन सफल भएको छ । यो सबै बैंक Well Managed रुपमा संचालन गर्नाको प्रतिफल हो । बैंकले सामाजिक उत्तरदायित्व अन्तर्गत काम गर्दै आएपनि आगामी दिनमा यस अन्तर्गत प्रथम भएर देखाउन आवश्यक छ । यस अन्तर्गत बैंकले कम्तीमा १० लाखको खर्च सामाजिक उत्तरदायित्व अन्तर्गत खर्च गर्ने प्रतिवद्धता जाहेर गर्न अनुरोध गर्दछु । वित्तीय क्षेत्रमा भएका काण्डहरु सबैमा कर्मचारीको गलत मनशाय कारक तत्व रहेको पाइयो । त्यसैले बैंकमा संस्थागत सुशाशन र आन्तरिक नियन्त्रण प्रणालीलाइ प्रबल बनाउन आवश्यक छ । बैंकको खुद मुनाफा ८३.८३ प्रतिशत ले वृद्धि भएको छ । वासलातको आकार पनि राम्रोसँगनै बढेको पाइयो।

**७. नरसिंह लाल चकु**
यस बैंकले लगानीकर्ताको हक हितको बारेमा सोचेर १५ प्रतिशत नगद लाभांश घोषणा गरेकोमा सर्वप्रथम बधाई दिन चाहन्छु र आगामी दिनमा पनि शेयरधनीहरुको हकहितको बारेमा विचार पुऱ्याउन विनम्र अनुरोध गर्दछु । यस बैंकको बजारमा छवि दिन प्रतिदिन बढ्दै गईरहेको छ । यस बैंकले सामाजिक कियाकलापमा गरेको खर्चहरुको विस्तृत रुपमा उल्लेख गरिदिएको भए राम्रो हुनेथियो । यसको साथै बैकले आफ्नो केन्द्रिय कार्यालय संचालन गर्नकोलागी खरिद गरेको जग्गामा घर कहिले

निर्माण गर्ने भन्ने सन्दर्भमा विस्तृत विवरण खुलाई दिएको भए अझै राम्रो हुने थियो । आफ्ना शेयरधनीहरुका साथ साथै आफ्ना ग्राहकहरु समक्ष सुचना प्रवाह राम्रो गर्नुभएको छ त्यसैले यस बैंकलाई सुचना प्रविधि प्रवाह मा नं. १ मा राख्न सकिन्छ । निष्क्रिय कर्जाहरु सजग भएर व्यवस्थित गरी घटाउनु पर्ने आवश्यक छ । त्यस्तै गरी बैंकको प्रति शेयर आम्दानी रु. १०.७० बाट बढेर रु. १९.६६ मा पुगेको छ । बैंकको प्रति कर्मचारी निक्षेपपनि उल्लेख गर्नु हुन अनुरोध गर्दछु । बैंकले आफ्नो शाखा सञ्जालको साथ साथै शाखा कियाकलापको मुल्यांकन गर्नु पर्ने जरुरी देखिन्छ ।

### ८. माधव कृष्ण श्रेष्ठ

Global Competitive Index मा नेपाल ११७ स्थानमा रहेको छ जबकी हाम्रो छिमेकी मुलुक भारत १०२ स्थानमा रहेको छ जुन धेरै नै कम हो । यस बैंकले आगामी आर्थिक बर्षको खुद मुनाफा कति गर्ने भन्ने कुरा खुलाई दिएको भए राम्रो हुने थियो । बैंकले संस्थागत सुशशान अन्तर्गत चार कुरा ( संचालक समिति, व्यवस्थापन समुह, आन्तरिक लेखापरीक्षक र बाह्य लेखापरीक्षक) ध्यानमा राखी यसलाई प्रबल बनाउनु पर्दछ ।

### ९. जयन्द्र बानियाँ

प्रति शेयर आम्दानी रु.१०.७० बाट झण्डै दोब्बर बढेर रु. १९.६६ मा पुगेको छ जुन सकारात्मक छ । त्यसै गरी PE Ratio २१.५० बाट १३.५८ मा पुगेको देखिन्छ । त्यसै अनुरुप लाभांश रकम कम देखिन्छ । विदेशी विनिमयबाट हुने आयमा बृद्धि गर्नुपर्ने देखिन्छ । पूँजी पर्याप्तता अनुपात १२ प्रतिशत भन्दा कम भएको अवस्थामा १० प्रतिशत नगद लाभांश र ५ प्रतिशत बोनस शेयर जारी गरेको भए उत्तम हुने थियो । निष्कृय कर्जामा सुधार गर्नुपर्ने नितान्त आवश्यकता देखिन्छ । बैंकले यस आ.व. मा ८.२० करोड को कर्जा अपलेखन गरेको छ  तर कर्जा अपलेखन नियमित गर्नु हुदैन । बैंकको बचत खाता गत बर्षको तुलनामा घटेको छ भने मुद्दती र मागेको बखत तिर्नुपर्ने निक्षेप बढेको छ । बैंकले न्युन ब्याज दरका निक्षेप संकलनमा जोड गर्नुपर्ने देखिन्छ र त्यसै गरी बैंकले न्युन ब्याजदरका निक्षेप परिचालनमा जोड दिनुपर्ने देखीन्छ ।

चल्ती निक्षेपमा १ अर्ब पुर्‍याउनु उत्तम हुनेछ । सम्पत्तिको परिचालनमा अझै सुधार गरे आगामी वर्ष लाभांशमा अझै बृद्धि हुने देखिन्छ ।

### १०. इन्द्र कृष्ण श्रेष्ठ

बैंकले १५ प्रतिशत लाभांश वितरण गर्नको निमित्त प्रस्ताव गरेको सराहनीय छ । बैंकको ३३० जना कर्मचारीहरुमध्ये कतिजना महिला हुनुहुन्छ भन्ने कुरा प्रष्ट्याई दिन अनुरोध गर्दछु । बैंकको घरभाडामा खर्च धेरै रहेको पाइयो । बैंकले आफ्नै भवन बनाएको भए घरभाडामा खर्च कम गर्न सकिन्थ्यो ।

**११. मोहन प्रसाद शर्मा**

बैंकले १५ प्रतिशत नगद लाभांश प्रस्ताव गर्नु प्रशंसनीय छ तापनि यसको साटो बोनस शेयर र नगद लाभांश दिएको भए राम्रो हुने थियो । बैंकको कर्मचारीहरु को मनोबल बढाउन तलब वृद्धि गर्न सुझाव दिन चाहन्छु ।

**१२. शिव प्रसाद शर्मा**

बैंकको निष्कृय कर्जा २.१ प्रतिशत देशको अवस्था अनुसार धेरै भयो । नेपाल जलश्रोतमा धनी देश भएको कारण जलविद्युत क्षेत्रमा लगानी बढाउनु आवश्यक देखीन्छ । बैंकले मर्जरप्रति आफ्नो ध्यानाकर्षण गर्न आवश्यक देखिन्छ । संस्थापक शेयर लाई सर्वसाधारण शेयरमा परिणत गरिहाल्नुपर्ने आवश्यकता नभएको जाहेर गर्दछु ।

**१३. इश्वर प्रसाद कर्मचार्य**

यस बैंक कडा प्रतिष्पर्धा गर्दै समकक्षी बैंकहरु मध्ये अगाडि बढन सफल भएको छ । नगद लाभांश वितरण गर्ने नीतिलाई भन्दा स्थिर लाभांश नीतिलाई प्राथमिकता दिनुपर्ने देखिन्छ । बैंकको लगानी बैंकको आकारको अनुपातमा कम भएको अनुभव भयो । त्यसै गरी विदेशी विनिमय कारोवार अन्तर्गतको नोक्सानले बैंकको दुरदर्शीतामा सुधार ल्याउनु पर्ने देखिन्छ । त्यसै गरी बैंकले ८.२० करोडको कर्जा अपलेखन गरेको पाइयो जुन आगामी दिनहरुमा नियमित नहोस । यति भन्दै म आफ्नो मन्तव्य यही टुंग्याउन चाहन्छु ।

**१४. उद्बव प्रसाद घिमिरे**

बैंकले १५ प्रतिशत लाभांश बितरण गर्नको निमित्त प्रस्ताव गरेको सराहनीय छ । बैंक IFRS तथा BASEL III अपनाउन तयार रहनुपर्ने आवश्यकता देखिन्छ । बैंकले ROE बढाउनु पर्ने तथा निष्कृय कर्जा घटाउनु पर्ने देखिन्छ । शेयरधनीहरुले बुझिलिन बाँकी रहेको लाभांश रकम शेयरधनीहरुलाई सचेत गराई कम गर्न सुझाव दिन चाहन्छु ।

**१५. कृष्ण प्रसाद शर्मा**

यस बैंकले लगानीकर्ताको हक हितको बारेमा सोचेर १५ प्रतिशत नगद लाभांश घोषणा गरेकोमा सर्वप्रथम बधाई दिन चाहन्छु । ३० वटा लघु सन्देश पठाउनुभएकोमा धन्यवाद ज्ञापन गर्दै लघु सन्देश बैंक भन्ने संज्ञा दिदै आउने दिनहरुमा पनि सर्वसाधारणहरुलाई यसैगरी सन्देश प्रवाह गर्दै गर्नुहोला भन्दै आफ्नो दुई शब्द यही टुंग्याउन चाहन्छु ।

**१६. रोज कुमार श्रेष्ठ**

पहिलो साधाराणसभा गर्न सफल हुने छवि बनाएकोमा निरन्तरता दिएको छ सोको लागि धन्यवाद । बैंक अब्बल दर्जामा पुग्ने कोशिश गर्दै छ । कर्जा, निक्षेप, लाभांश आदि बृद्धि हुँदै गएको छ  यो सबै

बैंककोलागी राम्रो पक्ष हो । नोक्सानी व्यवस्थामा समेत बृद्धि हुदै गएकोले ढुक्क भएर बस्ने अवस्था भने छैन ।

**१७. डमरु बल्लभ घिमिरे**

शेयरधनीहरुमा बैंकको आदर प्रति हर्षोल्लास छाएको छ । नगद लाभांश र बोनस शेयर आधा आधा गरिदिनु भएको भए राम्रो हुनेथियो। बण्ड किन जारी नगरेका भन्ने कुरा खुलस्त पारिदिनु भएको भए राम्रो हुनेथियो यसका साथै बैंकले खरीद गरेको जग्गामा भवन कहिले निर्माण गर्ने भन्ने कुरा पनि खुलस्त पारदिनुहुन अनुरोध गर्दछु ?

**१८. अशोक उप्रेती**

यस बैंकले १५ प्रतिशत नगद लाभांश घोषणा गरेकोमा सर्वप्रथम बधाई दिन चाहन्छु । बैंकले चाडैनै आफ्नो भवन निर्माण सम्पन्न गरी स्थानान्तरण गर्न अनुरोध गर्दे आफ्नो मन्तव्य यही टुंग्याउछु ।

**१९. महेन्द्र बहादुर श्रेष्ठ**

दशैको अगावै बार्षिक साधारण सभा गर्न सक्षम हुनुभएकोमा धन्यवाद दिदै १५ प्रतिशत लाभांश घोषणा गर्नु भएकोमा तारिफ गर्नचाहन्छु । तपाईहरुले सुचना पठाउन SMS पठाउनु हुन्छ जुन सराहनीय छ । यसैगरी बैंकभित्रपनि सुचना प्रवाह तथा कार्यमुल्यांकन प्रबल बनाई वित्तीय अपराध कम गर्न अनुरोध गर्दछु । अहिले प्राय बैंकहरु गाभिएका छन् भने कोही गाभिने प्रकृयमा रहेका छन् तर मेरो विचारमा गाभिनुभन्दा SUSTAIN भएर बस्नु उपयुक्त हुन्छ होला । यस बैंकको जलविद्युतको क्षेत्रमा लगानी कम देखिएको छ जुन बढाउनु आवश्यक छ । यति भन्दै म आफ्नो मन्तव्य यही टुंग्याउछु ।

**१२. सभामा शेयरधनीहरुले प्रकट गर्नु भएको जिज्ञांशा एवं प्रश्नहरुको जवाफ :**

बैंकका अध्यक्षज्यूले वार्षिक प्रतिवेदनमा भएमा त्रुटिहरु देखाउनु भएकोमा शेयरधनीहरुलाई धन्यवाद दिदै सुझावहरु सर्व स्वीकार्य भएको र उक्त सुझावहरुलाई मध्यनजर गर्दै आगामी वर्षमा यस्ता गल्तीहरु पुनः नदोहोरीने प्रतिबद्धता जाहेर गर्नुभयो । साथै अध्यक्षज्यूले यो सिटिजन्स बैंक अर्थात नागरिकको बैंक तपाईहरुको हृदय देखिको मायाले गर्दा सफल बैंक भएको छ तथा तपाईहरुको सुझावहरु मनन गरिकन कार्यान्वयन गर्ने प्रयास गरेका छौं भन्ने धारणा व्यक्त गर्नुभयो । यो बैंक नागरिकको बैंक हो तसर्थ सुझावहरुको लागी सदैव खुल्ला रहने छ । शेयरधनीहरु, कर्मचारीहरु, र ग्राहकहरुको संतुष्टिनै हाम्रो धर्म र कर्म हो । यहाँहरुको सुझावहरुलाई शिरोपर गर्दै अघि बढ्ने प्रतिवद्वता ब्यक्त गर्दै निष्कृय कर्जा घटाउने प्रयास गर्ने छौं । सम्पत्तिको गुणस्तर कायम गर्ने छौं । आगामी वर्ष १५ प्रतिशत भन्दा बढी लाभांश दिने प्रयास गर्ने छौं । बण्ड आषाढ मसान्तमा नै जारी गर्ने प्रयास गरेतापनि कानुनी समस्याहरुका कारण गर्न सकेनौ तर दोश्रो त्रयमास भित्रै जारी गर्ने कुरा अवगत गराउँदछौ । त्यसै गरी बैंकले आफ्नो उच्चस्तरको ग्राहक सेवा, उच्च प्रतिफल, सामाजिक उत्तरदायित्व, संस्थागत सुशाशन, सम्पत्ति गुणस्तरलाई बढाउने तथा निरन्तरता दिदै अघि बढ्ने प्रतिवद्वता व्यक्त गर्न चाहन्छु । त्यसै गरी बैंकले यस साधारण सभा मार्फत Merger को ढोका खुल्ला राखेपनि उपयुत्त समय र संस्थासँग मात्र गाभ्ने कुरा यहाँहरुलाई अवगत गराउदछु । आउने आ.व. मा पनि सर्वप्रथम साधारण सभा गरी दशै अगावै लाभांश वितरण गर्ने प्रयासरत रहने छौ ।

## १३. सभाको निर्णय

(क) छलफलका लागि निर्धारित प्रस्तावहरु तर्फ

(क) **साधारण प्रस्तावहरु**

**१. अध्यक्षज्यूको मन्तव्य तथा आ.व. २०६९/७० को सञ्चालक समितिको वार्षिक प्रतिवेदन पारित गर्ने ।**

सभामा प्रस्तुत आ.व. २०६९।७० को सञ्चालक समितिको प्रतिवेदन सभापतिज्यूले अनुमोदनको लागि सभा समक्ष प्रस्ताव गर्नु भएकोमा सभाले सर्वसम्मतिबाट अनुमोदन गरि पारित गर्ने निर्णय गर्‍यो ।

**२. लेखापरीक्षकको प्रतिवेदनसहित २०७० आषाढ मसान्तको वासलात र मिति २०६९/०४/०१ देखि २०७०/०३/३१ सम्मको नाफा नोक्सानीको हिसाव तथा सोही अवधिको नगद प्रवाह विवरण लगायतका सम्पूर्ण वित्तीय विवरणहरु पारित गर्ने ।**

लेखा परीक्षकको प्रतिवेदन सहितको २०७० आषाढ मसान्तको वासलात तथा सोही मितिमा समाप्त आ.व. २०६९।७० को नाफा नोक्सान हिसाब तथा नगद प्रवाह विवरण पारित गरियोस् भनी सभापतिज्यूले सभा समक्ष प्रस्ताव पेश गर्नु भएकोमा सभाले उल्लेखित सम्पूर्ण वित्तीय विवरणहरु सर्वसम्मतिबाट पारित गर्ने निर्णय गर्‍यो ।

**३. सञ्चालक समितिबाट प्रस्ताव गरे अनुसार १५ प्रतिशत नगद लाभांश वितरण गर्न स्वीकृत गर्ने ।**

सभामा प्रस्तुत सञ्चालक समितिवाट १५ प्रतिशत नगद लाभांश वितरण गर्ने प्रस्ताव गरिएको हुँदा उक्त प्रस्तावलाई स्वीकृत गरियोस भनी सभापतिज्यूले सभा समक्ष प्रस्ताव गर्नु भएकोमा सभाले सर्वसम्मतिबाट पारित गर्ने निर्णय गर्‍यो ।

**४. कम्पनी ऐन, २०६३ को दफा १११ अनुसार आ.व. २०७०/७१ को लागि लेखा परीक्षण समितिको सिफारिसमा लेखापरीक्षण गर्न लेखापरीक्षकको नियुक्ति गर्ने र निजको पारिश्रमिक निर्धारण गर्ने ।**

कम्पनी ऐन, २०६३ को दफा १११ अनुसार लेखापरीक्षण समितिले सिफारीस गरे बमोजिम आ.व. २०७०।७१ को लागि लेखा परीक्षक नियुक्त गरी निजको पारिश्रमिक निर्धारण गरियोस् भनी सभापतिज्यूले सभा समक्ष प्रस्ताव पेश गर्नु भएकोमा सभाले लेखापरीक्षण समितिले सिफारीस गरे बमोजिम बैंकका लेखा परीक्षकमा श्री जे. सन्तोष एण्ड कम्पनी, चार्टड एकाउन्टेन्सलाई नियुक्त गर्ने र निजको पारिश्रमिकको हकमा लेखापरीक्षण शुल्क, कर लेखापरीक्षण शुल्क, लङ्गफर्म अडिट रिपोर्ट तयार गरेवापतको शुल्क र कम्पनी ऐन २०६३ को दफा ७८ बमोजिम प्रतिवेदन समेत तयार गरे बापत एकमुष्ट रुपमा रु. २,७५,००० (मूल्य अभिबृद्धि कर बाहेक) पारिश्रमिक निर्धारण गर्ने निर्णय सर्वसम्मतिले पारित गरियो ।

**५. बैंकको नियमावली अनुसार समूह "ख" का सर्वसाधारण शेयरधनीहरुको तर्फवाट सञ्चालक समितिमा प्रतिनिधित्व गर्ने संचालक पद दुईको निर्वाचन गर्ने ।**

संस्थापक शेयरधनीहरुको समूह "ख" का सर्वसाधारण शेयरधनीहरुको तर्फवाट संचालक समितिमा प्रतिनिधित्व गर्न दुइ जना संचालकका लागी सर्वसाधारण समुह तर्फको निर्वाचनमा तीन जना उम्मेदवारले उम्मेदवारी दिई सम्पन्न भएका निर्वाचनमा सबैभन्दा वढि मत प्राप्त गरी क्रमशः श्री

प्रकाश चन्द्र मैनाली र श्री विजय ध्वज कार्की निर्वाचित हुनु भएको भनी प्रमुख निर्वाचन अधिकृत श्री विवेक घिमिरेद्धारा सभा समक्ष घोषित निर्वाचन परिणामलाई सर्वसम्मतिबाट पारित गर्ने निर्णय भयो ।

**ख. विषेश प्रस्तावहरु**

**१. सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेड तथा उपयुक्त कुनै वित्तीय संस्था एक आपसमा गाभ्ने र गाभिने (मर्ज) सम्बन्धमा ।**

**अ. सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेड र अन्य कुनै पनि उपयुक्त वित्तीय संस्था एक आपसमा गाभ्न र गाभिन (मर्जर गर्न) संचालक समितिले आवश्यक भएमा मर्जर समिति गठन गरि सो समितिले वा संचालन समितिले नै सम्पूर्ण प्रकृिया अबलम्बन गरि कार्य अगाडि बढाउन साधारण सभाबाट संचालक समितिलाई अख्तियारी प्रदान गर्ने ।**

**आ. नेपाल राष्ट्र बैंक बाट जारी भएको बैंक तथा वित्तीय संस्था एक आपसमा गाभ्ने वा गाभिने सम्बन्धि विनियमावली २०६८ मा तोकिए बमोजिम सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेड को चल अचल सम्पत्ति र दायित्व तथा कारोबारको मूल्याङ्कन गर्न राष्ट्रिय वा अन्तराष्ट्रिय मान्यता प्राप्त मूल्याङ्कनकर्ता नियुक्ति गर्न तथा गाभ्ने वा गाभिने सम्बधी सम्झौता गर्न र अन्य सम्पूर्ण प्रक्रिया पुरा गर्न संचालक समितिलाई पूर्ण अख्तियारी दिने समेतका अधिकार संचालक समितिलाई हस्तान्तरण गर्ने ।**

सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेड तथा उपयुक्त कुनै वित्तीय संस्था एक आपसमा गाभ्ने र गाभिने (मर्ज) सम्बन्धमा छलफल हुँदा निम्न बमोजिम निर्णयहरु गरियो ।

अ. यस बैंक र अन्य कुनै पनि उपयुक्त वित्तीय संस्था एक आपसमा गाभ्न र गाभिन (मर्जर गर्न) संचालक समितिले आवश्यक भएमा मर्जर समिति गठन गरि सो समितिले वा संचालन समितिले नै सम्पूर्ण प्रकृिया अबलम्बन गरि कार्य अगाडि बढाउन साधारण सभाबाट संचालक समितिलाई अख्तियारी प्रदान गर्ने सम्वन्धमा सभा समक्ष प्रस्ताव गरिएकोमा सो सभाले सर्वसम्मति वाट सो विशेष प्रस्तावलाई पारित गर्ने निर्णय गरियो ।

आ. नेपाल राष्ट्र बैंक बाट जारी भएको बैंक तथा वित्तीय संस्था एक आपसमा गाभ्ने वा गाभिने सम्बन्धि विनियमावली २०६८ मा तोकिए बमोजिम यस बैंकको चल अचल सम्पत्ति र दायित्व तथा कारोबारको मूल्याङ्कन गर्न राष्ट्रिय वा अन्तराष्ट्रिय मान्यता प्राप्त मूल्याङ्कनकर्ता नियुक्ति गर्न तथा गाभ्ने वा गाभिने सम्बधी सम्झौता गर्न र अन्य सम्पूर्ण प्रक्रिया पुरा गर्न संचालक समितिलाई पूर्ण अख्तियारी दिने समेतका अधिकार संचालक समितिलाई हस्तान्तरण गर्ने सम्वन्धमा सभासमक्ष प्रस्ताव प्रस्तुत गरिएकोमा सो सभाले सर्वसम्मति वाट सो विशेष प्रस्तावलाई पारित गर्ने निर्णय गरियो ।

**२. नेपाल राष्ट्र बैंकको स्वीकृति लिई बैंकको संस्थापक शेयर ७० प्रतिशत रहेकोमा सो मध्य १९ प्रतिशत संस्थापक शेयर सर्वसाधारण समूहमा परिवर्तन गर्ने गरी प्रवन्धपत्र संशोधन गर्ने ।**

नेपाल राष्ट्र बैंकको स्वीकृति लिई बैंकको संस्थापक शेयर ७० प्रतिशत रहेकोमा सो मध्ये १९ प्रतिशत संस्थापक शेयर सर्वसाधारण समूहमा परिवर्तन गर्ने गरी प्रवन्धपत्र संशोधन गर्ने सम्वन्धमा सभा समक्ष प्रस्ताव गरिएकोमा सो सभाले सर्वसम्मति वाट सो विशेष प्रस्तावलाई पारित गर्ने निर्णय गरियो ।

**३. नेपाल राष्ट्र बैंकको स्वीकृति लिई बैंकको जारी पूँजी र चुक्ता पूँजी वरावर वनाउनका लागी वर्तमान जारी पूँजीमा रु १०० दरका ८९,८१,६०० कित्ता शेयर घटाइ जारी पूँजीलाइ २,१०,१८,४०,००० बनाइ बैंकको जारी पूँजी र चुक्ता पूँजी वरावर वनाउने गरि प्रवन्धपत्र संशोधन गर्ने ।**

नेपाल राष्ट्र बैंकको स्वीकृति लिई यस बैंकको जारी पूँजी र चुक्ता पूँजी वरावर वनाउनका लागी वर्तमान जारी पूँजीमा रु १०० दरका ८९,८१,६०० कित्ता शेयर घटाइ जारी पूँजीलाइ २,१०,१८,४०,००० बनाइ बैंकको जारी पूँजी र चुक्ता पूँजी वरावर वनाउने गरि प्रवन्धपत्र संशोधन गर्ने प्रतावलाई स्विकृत गरियोस भनी सभापती ज्युले सभा समक्ष प्रस्ताव गर्नु भएकोमा सभाले सर्वसम्मतीबाट सो विशेश प्रस्तावलाई पारित गर्ने निर्णय गरियो ।

**४. बैंकको प्रवन्ध पत्र तथा नियमावली संसोधन एवम् थप स्वीकृति प्रदान गर्ने ।**

बैंकको प्रबन्धपत्र तथा नियमावली संशोधन सम्बन्धी प्रस्ताव माथि छलफल हुँदा बैंकको प्रबन्धपत्रको दफा ५ (घ) अनुसार सर्वसाधारणको लागि छुट्याएको ३० प्रतिशत शेयरलाई ४९ प्रतिशतमा वृद्धि गर्दा सोहि अनुसार संचालक समितिमा प्रतिनिधीत्व हुनुपर्ने सुझाव प्राप्त भएको हुँदा नियमावलीको दफा ८ को उपदफा २ र २ (ग१) समेत थप गरी बैंकको प्रबन्धपत्र तथा नियमावलीमा निम्न बमोजिम संशोधन एवं थप स्विकृती प्रदान गर्ने सम्बन्धी विशेष प्रस्ताव पारित गर्ने निर्णय गरियो ।

| क.स | साविक | संशोधित |
|---|---|---|
| १ | **प्रबन्धपत्रको दफा ५ को (ख), (घ), (ङ) र (च)**<br><br>**५. <u>बैंकको पूँजीको संरचना :</u>**<br><br>(ख) बैंकको जारी पूँजी रु. ३,००,००,००,०००।- (अक्षेरुपी रु. तीन अरव मात्र) हुनेछ । सो पूँजीलाई रु. १००।- का दरले ३,००,००,००० (तीन करोड थान) साधरण शेयरमा विभाजित गरिएको छ । बैंकले तत्काल जारी गर्ने शेयर पूँजी न्यूनतम रु. ३,००,००,००,०००।- (अक्षेरुपी रु. तीन अरव) हुनेछ । | **प्रबन्धपत्रको दफा ५ को (ख), (घ), (ङ) र (च)**<br><br>**५. <u>बैंकको पूँजीको संरचना :</u>**<br><br>(ख) बैंकको जारी पूँजी रु. २,१०,१८,४०,०००।- (अक्षेरुपी रु. दुइ अरव दश करोड अठार लाख चालीस हजार मात्र) हुनेछ । सो पूँजीलाई रु. १००।- का दरले २,१०,१८,४०० (दुइ करोड दश लाख अठार हजार चार सय थान) साधारण शेयरमा विभाजित गरिएको छ । बैंकले तत्काल जारी गर्ने शेयर पूँजी न्यूनतम रु. २,१०,१८,४०,०००।- (अक्षेरुपी रु. दुइ अरव दश करोड अठार लाख चालीस हजार) हुनेछ । |
| | (घ) बैंकले जारी पूजीको ३० प्रतिशत शेयर सर्वसाधारणको लागी छुट्याएको छ ।<br><br>(ङ) संस्थापक शेयरधनीहरुलाई समूह ¨क¨ मा वर्गिकरण गरिएको छ । यो समूहको शेयर स्वामित्व ७० (सत्तरी) प्रतिशत हुनेछ । समूह ¨क¨ लाई उपसमुह १, २, ३, ४ र ५ मा वर्गिकरण गरिएको छ ।<br><br>(च) सर्वसाधारणमा विक्रि गरिने शेयरका शेयरधनीलाई समूह ¨ख¨ मा वर्गिकरण गरिएको छ । यो समूहको शेयर स्वामित्व ३० प्रतिशत हुनेछ । सर्वसाधारणलाई विक्रि गर्न | (घ) बैंकले जारी पूजीको ४९ प्रतिशत शेयर सर्वसाधारणको लागी छुट्याएको छ ।<br><br>(ङ) संस्थापक शेयरधनीहरुलाई समूह ¨क¨ मा वर्गिकरण गरिएको छ । यो समूहको शेयर स्वामित्व ५१ ( एकाउन्न) प्रतिशत हुनेछ । समूह ¨क¨ लाई उपसमुह १, २, ३, ४ र ५ मा वर्गिकरण गरिएको छ ।<br><br>(च) सर्वसाधारणमा विक्रि गरिने शेयरका शेयरधनीलाई समूह ¨ख¨ मा वर्गिकरण गरिएको छ । यो समूहको शेयर |

| | | |
|---|---|---|
| | छुट्याएको शेयरधनीलाई उपसमूह ¨ख¨ मा वर्गिकरण गरिएको छ । यस समूहको शेयर मध्येबाट बढीमा ५ प्रतिशत सम्म शेयर बैंकका कर्मचारीहरुलाई छुट्याई संचालक समितिको निर्णय बमोजिम बिक्रि वितरण गर्न सकिनेछ । | स्वामित्व ४९ प्रतिशत हुनेछ । सर्वसाधारणलाई विक्रि गर्न छुट्याएको शेयरधनीलाई उपसमूह ¨ख¨ मा वर्गिकरण गरिएको छ । यस समूहको शेयर मध्येबाट बढीमा ५ प्रतिशत सम्म शेयर बैंकका कर्मचारीहरुलाई छुट्याई संचालक समितिको निर्णय बमोजिम बिक्रि वितरण गर्न सकिनेछ । |
| २. | **नियमावलीको दफा ८ को २ र २ (ग)**<br><br>८. सञ्चालकको संख्या र कार्यकाल :<br><br>(२) यस बैंकमा आठ जनाको संचालक समिति हुनेछ । सो समितिमा समूहगत प्रतिनिधित्व देहाय बमोजिम हुनेछ :- | **नियमावलीको दफा ८ को २ र २ (ग)**<br><br>८. सञ्चालकको संख्या र कार्यकाल :<br><br>(२) यस बैंकमा नौ जनाको संचालक समिति हुनेछ । सो समितिमा समूहगत प्रतिनिधित्व देहाय बमोजिम हुनेछ :-<br><br>२(ग१) संस्थापक शेयरधनीहरुवाट सर्वसाधारण समूहमा परिणत गरिएको १९ प्रतिशत शेयरका सर्वसाधारण शेयरधनी "समूह ख १" वाट निर्वाचित एक जना । |

**५. बैकको प्रवन्ध पत्र तथा नियमाबली संसोधन गर्न अनुमति लिनु पर्ने निकायहरुवाट प्राप्त हुन आउने निर्देशन वमोजिम थपघट लगायत आवश्यक संसोधन गर्न संचालक समितिलाई अख्तियार प्रदान गर्ने ।**

बैंकको प्रबन्धपत्र तथा नियमावली संशोधन गर्न अनुमती लिनुपर्ने निकायहरुबाट प्राप्त हुन आउने निर्देशन बमोजिम थप घट लगाएत आवश्यक संशोधन गर्न सञ्चालक समितिलाई अख्तियार प्रदान गर्न सभापतीज्युले सभा समक्ष विशेष प्रस्ताव पेश गर्नु भएकोमा सभाले सञ्चालक समितिलाई अख्तियार प्रदान गर्ने निर्णय सर्वसम्मतीबाट पारित गऱ्यो ।

(ग) **विविध ।**

विविध अन्तर्गत छलफलका लागी अन्य विषय नभएकोले साधारण सभाको निर्णय पुस्तिकामा कम्पनी ऐन, २०६३ मा व्यवस्था भए वमोजिम अध्यक्ष तथा कम्पनी सचिवले प्रमाणित गर्ने र बुझाउनु पर्ने निकायहरुमा कम्पनी सचिवले प्रमाणित गरि प्रतिलिपि वुझाउने व्यहोरा सभालाई जानकारी गराईयो ।

## १४. धन्यवाद ज्ञापन तथा सभा विसर्जन

छलफल तथा निर्णयको क्रम समाप्त भएपछि अध्यक्षज्यूले शेयरधनी महानुभावहरुबाट छलफलमा सकारात्मक तथा सक्रिय रुपले सहभागी हुनुका साथै उहाँहरुबाट आवश्यक मार्ग निर्देशन प्राप्त भएकोमा तथा छैटौं वार्षिक साधारण सभा सफलतापूर्वक सञ्चालन एवम् सम्पन्न गर्न आफ्नो अमूल्य समय दिई उपस्थित हुनु भएकोमा सम्पूर्ण शेयरधनी महानुभावहरु, सफतलापूर्वक निर्वाचन कार्यक्रम सम्पन्न गर्नु भएकोमा निर्वाचन अधिकृत तथा अन्य उपस्थित सबै महानुभावहरुलाई धन्यवाद ज्ञापन गर्दै अपरान्ह ४.३० बजे सभा विसर्जन गर्नुभयो ।

------------ ---------------

गणेश राज पोखरेल — प्रदीपजङ्ग पाण्डे

कम्पनी सचिव — अध्यक्ष